# नगर कार्यपालिकाको २५ औ बैठकका प्रस्ताव तथा निर्णयहरु

मिति २०७५।०७।१७ गते
समय : बिहान ८:३० बजे

**प्रस्ताव नं. १** बहाल बिटौरी कर लगाईने क्षेत्र निर्धारण सम्बन्धमा
**प्रस्ताव नं.२** कृषि तथा पशुपालन कार्यक्रम  कार्यान्वय सम्बन्धमा
**प्रस्ताव नं.३** एकीकृत बस्ति विकास सम्बन्धमा
**प्रस्ताव नं.४** मेलमिलापकर्ताको सुविधा सम्बन्धमा
**प्रस्ताव नं. ५** योजना अनुगमन समिति गठन सम्बन्धमा
**प्रस्ताव नं. ६**  अनुमोदन सम्बन्धमा
**प्रस्ताव नं. ७**  नगरपालिकामा सेवा करारमा जनशक्ति लिदा लिईने दरखास्त दस्तुर सम्बन्धमा
**प्रस्ताव नं. ८** विविध

**निर्णय नं.१:** प्रस्ताव नं.१ माथि छलफल गर्दा  तपशिल बमोजिमका क्षेत्रमा बहाल बिटौरी कर लगाउने निर्णय गरियो

(क)  भी.न.पा. ५ को तामाकोशी पुल आसपसको सडक किनारा तथा सार्वजनिक जग्गामा ब्यापार ब्यबसाय सञ्चालन भएको स्थान ।

(ख) भी.न.पा. ६ र १ को सिमानामा पर्ने देउराली आसपास सडक किनारा तथा सार्वजनिक जग्गामा ब्यपार ब्यबसाय सञ्चालन भएको स्थान ।

(ग) भी.न.पा. ९ को खरिढुङ्गा तथा आहालडाँडा आसपास सडक किनारा तथा सार्वजनिक जग्गामा ब्यापार ब्यबसाय सञ्चालन भएको स्थान ।

**निर्णय नं. २ प्रस्ताव नं.२** माथि छलफल गर्दा  विनियोजन ऐन २०७५ मा ब्यबसायिक कृषि तथा पशुपालन शीर्षकमा विनियोजित बजेट रु ६३,००,०००। (त्रिसठ्ठी लाख), कृषि सामाग्री वितरणमा विनियोजित रु १२,००,०००। (बाह्रलाख) तथा साना सिचाईमा विनियोजित रु ५,४०,०००।(पाँचलाख चालिस हजार मध्ये देहाय बमोजिमका कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

(क)कृषि तथा पशुपालन कार्यक्रम सञ्चालनका लागि उक्त कार्यक्रमबाटै ब्यहोरिने गरी ६ जना कृषि तथा पशुसेवा प्राविधिक, ना.प्रा.स. (३ जना कृषि सेवातर्फ, ३ जना पशु सेवातर्फ )सेवा करारमा लिने

(ख)

| क.स. | (क) कृषि | (ख) पशु/पंन्छि पालन | (ग) साना सिचाई, मर्मत तथा निर्माण । | (घ) कृषि औजार: मिनिटेलर ,थ्रेसर (ट्रक्टर) ५० प्रतिशत अनुदान |
|---|---|---|---|---|
| १ | सबै वडाबाट कार्यक्रम माग गर्ने | सबै वडाबाट कार्यक्रम माग गर्ने | सूचना प्रकाशन गरी माग संकलन गर्ने । | सूचना प्रकाशन गरी माग संकलन गर्ने |

**निर्णय नं. ३:** प्रस्ताव नं.३  माथि छलफल गर्दा यस नगरपालिका क्षेत्रभित्र जोखिममा रहेका बस्तिहरु पहिचान गरी सिफारिस गर्न सबै वडा कार्यलयहरुलाई  पत्राचार गर्ने  निर्णय गरियो  ।

**निर्णय नं. ४ :** प्रस्ताव नं.४ माथि छलफल गर्दा यस नगरपालिकामा रहेको न्यायिक समितिको काममा सहजीकरण गर्न सामुदायिक मेलमिलाप केन्द्रमा रहेका मेलमिलाप कर्ताहरुलाई प्रति मेलमिलाप बापत प्रति ब्यक्ति रु ५००। (पाँचसयका दरले ३ जनाका लागि रु १५००। (पन्द्रसय) भत्ता स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.** ५ प्रस्ताव नं.५ माथि छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन २०७५ बमोजिम यस नगरपालिकाको आ.ब. ०७५/७६ का योजना अनुगमन गर्न नगर उप प्रमुख कमला बस्नेतको संयोजकत्वमा देहाय बमोजिम योजना अनुगमन तथा फरफारक समिति गठन गर्ने निर्णय गरियो ।
तपशिल
(क) श्री कमला बस्नेत ...........उप प्रमुख ......................संयोजक ।
(ख) श्री रामकृष्ण उप्रेती ..........प्रमुख प्रशासकीय अधिकृत......सदस्य ।
(ग) श्री हरिबंश चौलागाँई......... सदस्य ....शहरी पूर्वाधार विकास समितिका संयोजक
श्री .सुमन सुनाम ....................कार्यपालिकाका सदस्य ...........सदस्य ।
(घ) श्री मन्जु विश्वकर्मा .............कार्यपालिकाका सदस्य ..........सदस्य ।
(ङ) योजनासंग सम्बन्धित वडाको...... ....वडा अध्यक्ष ..............सदस्य
(च) पूर्वाधार विकास शाखा प्रमुख ....... ईन्जिनियर .............सदस्य सचिव ।

**निर्णय नं. ६**: प्रस्ताव नं ६ माथि छलफल गर्दा यस नगरपालिकाबाट चालु आ.ब. का लागि ढुङ्गा गिट्टी बालुवा शीर्षकमा कर संकलन गर्न ठेक्का ब्यबस्थाका लागि निम्न स्थानहरुमा तपशिल बमोजिम गरिएको प्रक्रियालाई अनुमोदन गर्ने निर्णय गरियो
(क) ठे.नं. १ शेराबेसी : चित्रेश्वर इन्डस्ट्रीज प्रा.लि.ले सबैभन्दा बढी सकार गरेको अंक रु ५,३१,०००। (पाँचलाख एकतिस हजार )स्वीकृत गरी सम्झमौता भएको
(ख) ठे.नं २ नागदह : माता मनकामना विल्डर्सले सबैभन्दा बढी सकार गरेको रकम रु १४,००,०००। स्वीकृत भएकोमा म्याद भित्र संझौता
गर्न नआएकोले सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम रु ७०,०००। धरौटी जफत गरी कालोसूचीमा राख्नसार्वजनिक खरिद अनुगमन कार्यालयमा पत्राचार गरी लगत्तै पछिको बढी रकम सकार गर्ने जलेश्वरी निर्माण सेवाको रु ११,००५५०। (एघार लाख पाँचसय पचास रुपैया )स्वीकृत गरी सम्झौता भएको ।
(ग) ठे.नं. ३ चर्नावती क्षेत्र : फस्कु निर्माण सेवाले सबैभन्दा बढी रकम सकार गरेको अंक रु ३८५,०००। (तिनलाख पचासी हजार) स्वीकृत गरी सम्झौता भएको ।

**निर्णय नं. ७**: प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस नगरपालिकाको करारमा जनशक्ति ब्यबस्थापन गर्ने कार्यविधि २०७५, बमोजिम यस नगरपालिकाबाट लिईने सेवा करारको दरखास्त दस्तुर कार्यविधिको २ को दफा ३.१ बमोजिम तपशिल बमोजिम निर्धारण गर्ने निर्णय गरियो ।
(१) अधिकृत स्तर रु १०००। (एक हजार)
(२) सहायक स्तर रु ५००। (पाँचसय )
(३) सहयोगी स्तर रु ३००। (तिन सय )

**निर्णय नं. ८**: प्रस्ताव नं.६ माथि छलफल गर्दा देहाय बमोजिम गर्ने निर्णय गरियो ।
(क) यस नगरपालिकामा सञ्चालनमा रहेको बरुण यन्त्र (दमकल) जुनसुकै बेला पनि प्रयोगमा आउने भएकोले बरुण यन्त्रमा काम गर्ने चालक तथा अग्नि नियन्त्रकहरुलाई प्रति आगलागि नियन्त्रण गरेवापत

प्रतिब्यक्ति रु १२००। (एकहजार दुईसय )का दरले चालक एक र अग्नि नियन्त्रक दुई गरी ३ जनालाई प्रोत्साहन भत्ता दिने ।

(ख) न्यायिक समिति सदस्य तेज बहादुर खातीलाई न्यायिक समितिको बैठकमा बारम्बार आउनु पर्ने भएकोले कार्यपालिका सदस्यले पाएसरह मासिक ईन्धन सुबिधा उपलबध गराउने ।

(ग) भी.न.पा. ९ बस्ने .सह बहादुर थामी मिति २०७५। ०३ । ०१ गते आगलागिमा परि शक्त घाईते भएकोले निजलाई औषधोपचारका लागि रु १०,०००। (दश हजार).अग्नि पीडित सहयोग गर्ने ।
(घ)कालिञ्चोक एफ.एम.ले आफ्नो खवर स्मारिकामा यस नगरपालिकाको सूचना प्रकाशन गरेवापत रु १०,०००। (दश हजार )उपलब्ध गराउने ।

(ङ) शंखधर साख्वा मूर्ती अनावरण कार्यको लागि टोल सुधार प्रवर्धन शीर्षकबाट रु २५,०००। ( पच्चिस हजार ) उपलब्ध गराउने ।

(च) ब्राईट इभेन्ट म्यानेजमेन्ट दोलखाले २०७५ असोज ७ गते मिस दोलखा २०१८ प्रथम पटक सञ्चालन गरेकोले उक्त संस्थालाई अन्य संघसस्था सहयोग शीर्षकबाट रु २५,०००। (पच्चिस हजार मात्र उपलबध गराउने ।
(छ) वडा तहमा कामगर्ने प्राविधिहरुलाई कार्यालयको कामको शिलशिलामा प्रयोग हुने सरकारी वा नीजि सवारी साधन र सवारी चालक प्रमाण पत्र भएकालाई मासिक रुपमा १०(दश)लिटर पेट्रोल ईन्धन सुविधा उपलबध गराउने ।
(ज) कार्यालयको दर्ताचलानी काउन्टर निर्माण तथा योजना शाखाको चेम्बर निर्माणको लागत ईष्टिमेट तयार गरी मर्मत संभार शीर्षकबाट कार्य सम्पादन गराउने ।